सिलीचोङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५, संख्याः१ ,मितिः २०७८ साउन ३१ गते

**भाग-२**

**सिलीचोङ गाउँपालिका**

## ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

प्रमाणीकरण मिति
२०७८।०३।३०

सिलीचोङ गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास गर्न यस कार्यालयको स्वामित्वमा रहेको ब्याकहो लोडर देहायका शर्त एवं बन्देजमा रही सञ्चालन तथा व्यवस्थापनका वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम सिलीचोङ गाउँपालिकाले **"ब्याकहो लोडर सञ्चालन कार्यविधि, २०७८"** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **"ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७८"** रहेको छ।

(ख) यो कार्यविधि गाउँपालिकाका बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुने छ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्दछ।

(ग) **"कार्यालय"** भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) **"लोडर"** भन्नाले गाउँ कार्यपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडरलाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिलीचोङ गाउँपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **"शाखा प्रमुख"** भन्नाले गाउँपालिकाको भवन तथा विपद् व्यवस्थापन शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) **"संयोजक"** भन्नाले गाउँपालिकाको पूर्वाधार विकास समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ज) **"जिन्सी शाखा"** भन्नाले गाउँपालिकाको जिन्सी शाखालाई सम्झनु पर्दछ ।

३. **उद्धेश्य :** सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका योजनाहरु, स्थानीय गाउँबासी र उपभोक्ता समितिबाट सञ्चालित विकास निर्माणका कार्यहरुमा गाउँपालिकाको स्वामित्वमा रहेको लोडर प्राथमिकताका आधारमा प्रयोगमा ल्याउनको लागि आवश्यक व्यवस्थापन गर्नु कार्यविधिको प्रमुख उद्धेश्य रहने छ ।

४. **सञ्चालन विधि :** गाउँपालिकाको स्वामित्वमा रहेको लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा गर्नु पर्नेछ :-

(क) लोडर माग गर्ने व्यक्ति वा संस्थाले कार्यालयले स्वीकृत गरेको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(ख) लोडर माग गर्ने व्यक्ति वा संस्थाको निवेदन उपर पूर्वाधार विकास समितिका संयोजकबाट आदेश भए पश्चात् के कति समयका लागि माग गरिएको हो ? माग गरिएको समय बराबरको रकम सम्बन्धित योजनाको अन्तिम रकम भुक्तानीको समयमा कार्यालयले कट्टा गर्ने शर्तनामा गरी अनुसूची-२ बमोजिमको ढाँचामा लोडर प्रयोग गर्न स्वीकृती दिनेछ । यस्तो स्वीकृती पत्र दिने अधिकार शाखा प्रमुखको हुनेछ ।

(ग) लोडर माग गर्ने व्यक्ति, संस्था वा उपभोक्ताले प्रयोग भएको समयको आधारमा लाग्ने शुल्क बुझाउने शर्तमा गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाइने छ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी लोडर खटाउने व्यवस्था संयोजकसंग आवश्यक समन्वय गरी शाखा प्रमुखले मिलाउने छ ।

(घ) निवेदकले माग गरेको समय भन्दा बढी समय सम्म काम काज गर्नु गराउनु पर्ने भएमा लोडर अपरेटरले तत्काल पूर्वाधार विकास समितिको संयोजकलाई जानकारी गराई शाखा प्रमुखबाट थप कार्यादेश लिएर सञ्चालन गर्नु पर्ने हुन्छ ।

(ङ) कार्यालयको लिखित आदेश बिना कुनै स्थान विशेषमा लोडर लागि काम गर्न गराउन पाउने छैन ।

(च) लोडर प्रयोग गरे बापत प्रयेगकर्ताको योजनाबाट अन्तिम रकम भुक्तानी हुँदाको समयमा नियमानूसार लाग्ने कर बाहेक प्रतिघण्टा रु. १०००।- कार्यालयबाट कट्टी गरिनेछ ।

(छ) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेसिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख (लगबुक) शाखा प्रमुख समक्ष पेश गरी प्रमाणित गराई राख्नु पर्नेछ ।

(झ) कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गर्ने कर्तव्य शाखा प्रमुखको शाखा प्रमुखको हुनेछ ।

**५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था :**

(क) मेसिन प्रयोग गर्दा आवश्यक पर्ने इन्धन प्रयोगकर्ता स्वयम्ले गर्नु पर्नेछ ।

(ख) लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत विवरण कार्यालयको जिन्सी शाखाले अद्यावधिक गर्नु पर्नेछ ।

(ग) लोडर बिग्रिएमा सोको लिखित जानकारी लोडर अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ ।

कार्यालयबाट लोडर मर्मत गर्नुपर्ने अवस्था देखिएमा मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण सहित अनुसूची -३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए बमोजिम मर्मत गराउनु पर्नेछ ।

**६. कर्मचारी व्यवस्था :**

(क) लोडर सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर आवश्यक प्रकृया पुरा गरी सेवा करारमा लिन सकिनेछ ।

(ख) लोडर अपरेटरले शाखा प्रमुखले दिएको कार्यविवरण र निर्देशन विपरित काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गर्नुपर्ने भए सो समेत गरिने छ ।

**७. लोडर सञ्चालन समिति :**

लोडरलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपशिल बमोजिमको एक समिति रहने छ :

- संयोजक, पुर्वाधार विकास समिति - संयोजक
- कार्यपालिकाले आफु मध्येबाट छनौट गरेको दुई जना सदस्य - सदस्य
- प्रमुख, जिन्सी शाखा - सदस्य
- प्रमुख, भवन तथा विपद् व्यवस्थापन शाखा - सदस्य सचिव

**८. विविध :**

(क) लोडरको माईल मिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेसिन अपरेटरको हुनेछ ।

(ख) लोडर कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । शाखा प्रमुखले लोडर चुस्त दुरुस्त राखी सोको विवरण अद्यावधिक राख्न ध्यान दिनु पर्नेछ ।

(ग) पुर्वाधार विकास समितिको संयोजकसंग शाखा प्रमुखले आवश्यक समन्वय गरी लोडर खटाउने सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(घ) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

सिम्बाङ गाउँपालिका

**अनुसूची -१**

**ब्याकहो लोडर माग सम्बन्धी निवेदन**

(ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ क संग सम्बन्धित)

श्रीमान संयोजक ज्यू
पूर्वाधार विकास समिति
सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय
ताम्कू, सङ्खुवासभा ।

विषय : ब्याकहो लोडर उपलब्ध गराई पाउँ ।

महोदय,
यस कार्यालयको ब्याकहो लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौं । नियामनुसार लाग्ने शुल्क ब्याकहो लोडर उपलब्ध गराई पाउँ ।

**ब्याकहो लोडर माग गर्नेले भर्ने**

| ब्याकहो लोडर माग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | ब्याकहो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.............

माग गर्नेको दस्तखत

सिलिचोङ गाउँपालिका

# अनुसूची -२

## ब्याकहो लोडर सञ्चालन सम्बन्धी स्वीकृती पत्र

(ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ ख बमोजिम)

| ब्याकहो लोडर माग कर्ताको नाम, ठेगाना | गाउँपालिकाबाट खटिने स्थान सम्म लाग्ने अनुमानित समय | माग गरिएको दिन र समय | अनुमानित समयको शुल्क प्रतिघण्टा रु. १००० का दरले इन्धन बाहेक |
|---|---|---|---|
| | | | |

...........

भवन तथा विपद्

व्यवस्थापन शाखा

सिलिचोङ गाउँपालिका

## अनुसूची -३

(ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ संग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

ताम्कू, सङ्खुवासभा ।

मिति : ....................

विषय : ब्याकहो लोडर मर्मत सम्बन्धमा ।

महोदय,

यस सिलीचोङ गाउँ कार्यपालिकाको ....................................नं. को ब्याकहो लोडरको तपशिल बमोजिमको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमान्‌को जो आदेश ।

तपशिल

| क्र.सं. | समस्या आएको सामान वा पार्टस्‌को विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | अनुमानित लागत रु. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

मेसिन अपरेटरको दस्तखत : ..............

नाम :

इन्जिनियरले भर्ने :

उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकाले सिफारिस गर्दछु ।

.........................   ............................

दस्तखत   प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

**नामः रामराज पौडेल**

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका

सिलिचोङ गाउँपालिका